सम्पर्क नं.०२५-५४३०३०

स्थानीय सरकार

**दुहवी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

दुहवी, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.-२०८१/०८२

च.नं.-

मिति : २०८१/०८/२५

## कर्मचारीहरुको तह वृद्धि सम्बन्धी ३० दिने सूचना !!!

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम स्थानीय सेवामा कार्यरत तथा दुहवी नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१ बमोजिम योग्यता पुगेका कर्मचारीहरुको तह वृद्धिका लागि एक महिनाको म्याद दिई तह वृद्धि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिए बमोजिमको आवश्यक कागजातहरु संलग्न राखी तह वृद्धिका लागि दुहवी नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१ को अनुसूची २ बमोजिमको निवेदन भरी सूचना प्रकाशन भएको मितिले १ महिना भित्र आवेदन फाराम दर्ता गराउनुहुन अनुरोध छ।तोकिएको समयसीमा भित्र आवेदन दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/ बढुवा नियुक्ति/स्तरवृद्धि पत्र/ रमाना पत्रको प्रमाणित प्रतिलिपि,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रमाणित प्रतिलिपि,

४. कामकाज सरुवामा रहेका कर्मचारीको हकमा नियुक्ती पत्र तथा कामकाज सरुवाको पत्र,

५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

हिमालय बराल

प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner